- रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
- ठेक्का स्वीकृत भएपछि बोलकबोल गरेको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ अन्यथा कबोल अंकको ६० प्रतिशत सम्झौताको समयमा अग्रिम भुक्तानी गर्नुपर्नेछ। बाँकी रकमको हकमा सो बराबरको बैंक ग्यारेन्टी वा जमानत पेश गर्नुपर्नेछ र सोही आधारमा बाँकी रहेको रकम दुई किस्तामा बुझाउनुपर्नेछ।
- सिलबन्दी दरभाउपत्र दाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ।
- यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको सिलबन्दी दरभाउ अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै छायाँ प्रति तयार गरी पेश गरेको सिलबन्दी दरभाउलाई मान्यता दिइने छैन।
- दरभाउपत्र दाताले दरभाउपत्र साथ आफु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको नगरपालिकालाई तिर्नु वा बुझाउनुपर्ने कुनै शुल्क वा दायित्व वा बेरुजु नरहेको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिकामा निहित हुनेछ।
- ठेक्का बन्दोवस्तीको अवधि वि.सं. २०८२ साउन १ गते देखि वि.सं.२०८३ असार मसान्त सम्म हुनेछ।
- यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४. गलकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ तथा प्रचलित कानून बमोजिम हुनेछ।
- सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस नगरपालिकाको राजध शाखामा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | दरभाउपत्र नं. | कमको विवरण | न्यूनतम अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | कवाडी कर (पुन: प्रयोग तथा पुन प्रशोधन हुने सामानहरु गलकोट नगरपालिका बाहिर निकासी गर्ने) | रु २६०००० (अक्षरुपी दुई लाख साठी हजार मात्र) | रु १००० (अक्षरुपी एक हजार रुपैयाँ मात्र) |

.............................
(घनश्याम गौतम)
प्रमुख प्रशासकीय अधिकृत

गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं.०८१/८२
च.नं.

**सूचना नं. ०९-०८१/८२**

**कवाडी कर ठेक्का बन्दोवस्त सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०३/२६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि यस गलकोट नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने फोहोर संकलन केन्द्र बाहेकको कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ । उक्त ठेक्का लिन ईच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको निवेदनका साथ व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि र अन्य आवश्यक कागजातहरु संलग्न गरी गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ।

**शर्तहरु :**

- यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता र आ.व. २०८०/८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु.१,०००।०० (अक्षरुपी एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।
- दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ। यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।
- दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।
- दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
- दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथि सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्र स्वीकृत गरिनेछ।
- दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अंक मूल्य अभिवृद्धि कर सहित वा वाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ।
- दरभाउपत्रसाथ आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड गलकोटमा रहेको खाता नं. १२३०३०००००३००००००००१ मा जम्मा गरेको सकलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनसम्म मान्य अवधि भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत